नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

महिला सशक्तिकरण महाशाखा

(तथ्याङ्क विश्लेषण तथा प्रकाशन शाखा)

मिति : २०८१/११/५

**"सशक्तीकरण" जर्नल २८औं अङ्कको लागि लेख/रचना उपलब्ध गराउनेसम्बन्धी सूचना ।**

यस मन्त्रालयबाट वार्षिकरूपमा आफ्नो कार्यक्षेत्रभित्र पर्ने महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकसम्बन्धी विषयका लेख/रचनाहरु **"सशक्तीकरण"** जर्नल मार्फत प्रकाशन हुँदै आइरहेको छ । यस वर्ष पनि आफ्ना लेख/रचना प्रकाशित गराउन चाहनु हुने विद्वान लेखक महानुभावहरूलाई उल्लिखित विषयमा तपशिल बमोजिमका बुँदाको अधीनमा रही मिति २०८१ चैत्र मसान्तभित्र यस मन्त्रालयमा लेख/रचना उपलब्ध गराइदिनुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

तपशिलः

१. लेख/रचनाहरु मन्त्रालयको कार्यक्षेत्रभित्रका विषयमा आधारित हुनुपर्नेछ ।

२. लेख/रचना २५००-३५०० शब्दको हुनुपर्नेछ ।

३. लेख/रचनाको भाषा नेपाली वा अंग्रेजीमध्ये कुनै एक हुनुपर्नेछ र नेपालीमा भए फन्ट कालीमाटीको युनिकोड तथा साईज ११ प्वाइन्ट र अंग्रेजीमा भए Times New Roman तथा Size 12 Points मा टाइप गरी तोकिएको समयभित्र यस मन्त्रालयको तथ्याङ्क विश्लेषण तथा प्रकाशन शाखा वा सो को विद्युतीय प्रति ईमेल : stat@mowcsc.gov.np मा उपलब्ध गराउनु पर्नेछ ।प्राप्त लेख/रचनामा सम्पादन मण्डलबाट राय/सुझाव आएमा सो समेत समावेश गरी पुनः पठाउनु पर्नेछ ।

४. लेखकले आफ्ना लेख/रचनामा उल्लेख गर्नुपर्ने विषयहरू पृष्ठभूमि, मूल विषयवस्तु/विश्लेषण, निष्कर्ष, र सन्दर्भ सामग्री सूची उल्लेख भएको हुनुपर्नेछ । सन्दर्भ सामग्री सूचीका रूपमा उल्लेख गरिएका कृतिको ढाँचा APA Format मा हुनुपर्नेछ ।

५. लेख तथ्य र तथ्याङ्कमा आधारित, विचारमूलक, अनुसन्धानमूलक एवं मौलिक हुनुपर्नेछ ।

६. सन्दर्भ सामग्रीहरुको सहायता लिइएकोमा इमान्दारीपूर्वक तिनको स्रोत उल्लेख गर्नुपर्नेछ ।

७. भाषिक तथा व्याकरणीय शुद्धता कायम गर्नुपर्नेछ ।

८. लेख/रचना अन्यत्र प्रकाशन नभएको हुनुपर्नेछ ।

९. प्राप्त लेख/रचनाहरु सम्पादन गर्ने र प्रकाशन गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्पादन मण्डलमा निहित रहनेछ ।

१०. प्रकाशित लेख/रचनाको नेपाल सरकारको स्वीकृत मापदण्डअनुसार पारिश्रमिक उपलब्ध हुनेछ ।

११. लेख/रचनाका साथ लेखकले आफ्नो तस्विर, ईमेल र फोन नम्वर समेत उपलब्ध गराउनु पर्नेछ ।

**थप जानकारीका लागि**

**तथ्याङ्क विश्लेषण तथा प्रकाशन शाखा**

वेवसाइट : www.mowcsc.gov.np

ईमेल : stat@mowcsc.gov.np, फोन नं. : ०१-४२१११९०